# आर्थिक बर्ष २०७६/०७७ को
# नीति, कार्यक्रम तथा वजेट

## बागचौर नगरपालिका
## कर्णाली प्रदेश, सल्यान

## “समृद्ध नगर निर्माणको लागी नगरवासिको सहभागीता, आर्थिक तथा पूर्वाधार विकास र सुशासन हाम्रो प्रतिवद्धता”

### बागचौर नगरपालिकाको पाँचौ नगर सभामा नगर उपप्रमुख श्री कल्पना पुन ज्यूबाट प्रस्तुत आ.व. २०७६/०७७ को नीति, कार्यक्रम तथा वजेट

पाँचौ नगर सभाका अध्यक्ष ज्यू,

प्रमुख अतिथि प्रतिनिधि सभाका माननीय सदस्य तथा पूर्व सामान्य प्रशासन मन्त्री

श्री टेक बहादुर बस्नेत ज्यू,

नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) कर्णाली प्रदेश सदस्य श्री कृति बहादुर पुन ज्यू,

नेपाली काँग्रेसका क्षेत्रिय सभापति श्री गोरख के.सी.ज्यू,

ईलाका प्रशासन कार्यालय बागचौरका प्रमुख श्री चिन्तामणी रेग्मी ज्यू,

ईलाका प्रहरी कार्यालय थारमारेका इन्चार्ज श्री लिलाभक्त बादे ज्यू,

नेपाल बैंक शाखा कार्यालय बागचौरका प्रबन्धक ज्यू,

जनता बैंक थारमारेका प्रबन्धक ज्यू,

मुक्तिनाथ विकास बैंक बागचौरका प्रबन्धक ज्यू,

कानुनी सल्लाहकार थलराज भण्डारी ज्यू,

कानुन व्यवसायी तथा नेपाल बार एशोसियसनका पूर्व अध्यक्ष सि.पी. वली ज्यू,

संघ संस्थाका प्रमुख एवं प्रतिनिज्युहरु

पत्रकार मित्रहरु,

माध्यमिक विद्यालयका प्राचार्य ज्यूहरु,

नगर सभाका सम्पुर्ण सदस्य ज्युहरु,

विषयगत शाखाका प्रमुख लगायत सम्पूर्ण कर्मचारी साथीहरु र

अन्य उपस्थित सम्पूर्ण महानुभावहरु

**यस सभाका सभाध्यक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरु र अन्य उपस्थित महानुभावहरु ,**

आज म यस बागचौर नगरपालिकाको पाँचौ नगर सभामा यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट को खाका यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा आफु गौरवान्वित भएको महसुस गरेको छु । यस ऐतिहासिक अवसरमा, सर्व प्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको क्रममा लोकतन्त्र,राष्ट्रियता र नागरिक अधिकार प्राप्तिको लागी भएका १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण आदरणीय ज्ञात अज्ञात सहीद तथा बेपत्ताहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाईते अपाङ्ग योद्धाहरुप्रति हार्दिक सम्मानका साथ अभिवादन व्यक्त गर्दछु । न्याय समानता, स्वाधिनता, र समृद्धिका लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा अमूल्य योगदान दिनुहुने सम्पूर्ण नेपाली आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु । साथै बागचौर नगरपालिकाको आर्थिक, सामाजिक,साँस्कृतिक परिवर्तमा नेतृत्वदायी भूमिका निर्बाह गर्नु हुने सवै अग्रजहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

भौगोलिक सुन्दरताले ओतप्रोत,सामाजिक तथा सांस्कृतिक विविधता भएको प्राकृतिक स्रोत साधनले भरिपूर्ण यस नगरपालिकाको बाँफुखोला तथा शारदा नदिले सिन्चित गरेका गह्रा र काल्नामा सुन्तला, आलु, अदुवा, बेसार, टिमुर जस्ता फलफुल, जडिबुटी र तरकारी उत्पादनको क्षेत्रमा उर्वर भूमि रहेकोले सोको विकासको उच्च सम्भावना बोकेको देखिन्छ । यस भूमिमा नेपाली जनताले पटक पटक गर्दै आएका १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन लगायतका विभिन्न ऐतिहासिक आन्दोलन र संघर्षहरु पश्चात नेपाली जनताको प्रतिनिधि संस्था संविधान सभाबाट नेपालको संविधान २०७२ जारी भए संगै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय सरकार गरी ३ तहको निर्वाचन सम्पन्न भई मुलुकमा स्थीर सरकार संचालनको शुभारम्भ भईसकेको वर्तमान अवस्थामा अवको हाम्रो यात्रा समाजवाद उन्मुख सामाजिक न्याय सहितको आर्थिक समृद्धि तर्फ केन्द्रित हुनुपर्ने बेला आएको छ । नेपालको संविधान २०७२ को जगमा बनेको स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहका अधिकार र काम कर्तव्य सुनिश्चित गरेको छ र उक्त ऐन स्थानीय सरकार संचालनको मुख्य आधार बनेको छ ।

लोकतान्त्रिक गणतन्त्र स्थापनाको आधारशिलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाई सिंहदरवारको अधिकार गाउँगाउँमा प्रयोग गर्न पाउदा हामीले गर्वको अनुभुति गरेका छौं । नेपालको संविधान, २०७२ ले सबै नागरिकलाई समान अधिकार, समान अवसर र समान मर्यादा प्रदान गरेको सन्दर्भमा हामी स्थानीय सरकारले परिकल्पना गरे अनुरुप सामाजिक न्याय र

समाजवादको लक्ष्यमा पुग्न आर्थिक समृद्धिमा केन्द्रित हुनुपर्ने चरणमा प्रवेश गरेका छौं । नेपालको संविधानको अनुसुची ८ ले दिएको स्थानीय तहको अधिकारलाई सदुपयोग गर्दै सामाजिक न्याय सहितको समृद्धि ल्याउन हाम्रो ध्यान केन्द्रित रहनेछ ।

यस वागचौर नगरपालिकाको स्वर्णिम भविष्यको कामनाका साथ**"समृद्ध नगर निर्माणको लागी नगरवासिको सहभागीता,आर्थिक तथा पूर्वाधार विकास र सुशासन हाम्रो प्रतिवद्धता"** भन्ने दीर्घकालिन सोंचका साथ हामीले काम गर्ने लक्ष्य लिएका छौं । स्थानीय उत्पादन नै सम्पन्नताको आधार हो, स्थानीय रुपमा उत्पादित वस्तुलाई बजार सम्म पुऱ्याउन सडकको स्तरोन्नती गरी उत्पादन स्थल र बजारलाई जोड्नु हाम्रो अवको प्रमुख दायित्व रहेको छ । यही दायित्व वोधलाई आत्मसात गर्न नगरस्थित विकास साझेदारहरु, राजनैतिक नेतृत्व, दातृ निकायको समन्वय र सहयोगमा यो नगरपालिकाको नेतृत्व क्रियाशील रहनेछ ।

विकासलाई सन्तुलित बनाउने, अवसरहरुलाई आवश्यकताका आधारमा न्यायोचित वितरण गर्ने र विकासमा अधिकारलाई सुनिश्चित गर्ने पक्षमा नगरपालिकाले ध्यान दिएको छ । हामी संग आन्तरिक साधन श्रोत पर्याप्त छैन र केन्द्र सरकार प्रतिको निर्भरता बढ्दो छ भने नगरवासीको आकांक्षा र आवश्यकता धेरै छन । तैपनि हामी आर्थिक-सामाजिक रुपान्तरण प्रकृयामा पछि पारिएका महिला, दलित, आदिवासी, जनजाती, अति विपन्न र पिछडिएका वर्ग तथा क्षेत्रलाई समेट्ने प्रयासमा छौ । नगरपालिका क्षेत्रमा वडा कार्यालय स्थापना गरी जनताको सेवा सुविधा जनताकै घरदैलोबाट प्रदान गर्ने कार्य चुनौतिपूर्ण छ तर पनि यस कार्यलाई प्राथमिकतामा राखिएको छ ।

जनप्रतिनिधिहरुले स्थानिय तहमा जिम्मेवारी वहन गरेको दुई वर्ष व्यतित भईसकेको छ । यस अवधिमा नगरवासी जनताका आकांक्षाहरु पूरा गर्न हामी जनप्रतिनिधिहरु प्रतिवद्ध रहेका छौ । नगरको श्रोत साधनको न्यूनता, दरबन्दि अनुसारको कर्मचारी पदपूर्ति हुन नसक्नु,कतिपय कानुन तथा कार्यविधिहरु बनिनसकेको विद्यमान अवस्थामा अपेक्षाकृत नतिजा हाँसिल गर्न नसकेता पनि नगरमा उपलब्ध आर्थिक भौतिक तथा जनशक्तिको अधिकतम उपयोगबाट चरणवद्ध रुपमा लक्षित कार्यहरु अगाडि बढाई रहेको अवस्था छ ।

सन २०३० सम्ममा शहश्राव्दी लक्ष्य प्राप्ती गर्ने उद्देश्य अनुरुप यस नगरपालिकाको आर्थिक,सामाजिक, पूर्वाधार, वन, वातावरण, विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा जोड दिदै नीति कार्यक्रम तथा वजेट को खाका प्रस्तुत गरेको छु ।

## सभाअध्यक्ष महोदय ,

गत आर्थिक वर्ष २०७४/०७५ को ऐतिहासिक प्रथम नगर सभाबाट नगरको दीर्घकालीन सोच अनुसार

भौतिक पूर्वाधार तर्फ सडक, सिंचाई, विद्युत विस्तार तथा अन्य पूर्वाधार निर्माण जस्ता कार्यक्रमहरुमा बजेट विनियोजन गरिने छ । सामाजिक विकासतर्फका शिक्षा, स्वास्थ्य, खेलकुद, खानेपानी तथा सरसफाई, महिला तथा बाल विकास, आकस्मिक प्राकृतिक विपत्ति परिआउंदा विपदकोषनिर्माण गर्ने नीतिहरु समावेश गरिएको छ । लक्षित वर्गको क्षमता अभिवृद्धि, साहित्य कला प्रवर्द्धन, खेलकूद विकास जस्ता पक्षलाई पनि कार्यक्रम तथा बजेटमा समावेश गरिने नीति लिइएको छ । योजना तथा कार्यक्रमहरुको प्राथामिकिकरण गर्दा शहिद रिङ्ग रोडलाई मुख्य प्राथमिकतामा राखिएको छ । गाउँभित्रका विकास निर्माणको जिम्मेवारी सम्बन्धित वडालाई र धेरै वडाहरुलाई समेट्ने विकास निर्माणको कार्यहरु नगरपालिकाले बहन गर्ने नीतिलाई अबलम्बन गरिएको छ । कार्यक्रम तथा वजेट विनियोजन गर्दा क्रमागत र वस्ति तथा वडाबाट प्राथमीकीकरण भएका योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

यस नगरपालिकामा हुनुपर्ने आधारभुत पुर्वाधार निर्माण र व्यवस्थित विकासका लागि थुप्रै श्रोत साधन र सबै तह बाट सहयोग, सल्लाह र समन्वयको आवश्यकता छ । जसको पुर्ति यस नगरपालिका क्षेत्र भित्रको सिमित श्रोत साधन को परिचालनबाट मात्रै सम्भब देखिदैन । यसै यथार्थलाई मनन गरी यस नगरपालिकाले पनि विकास र सेवा प्रवाहलाइ नजिकबाट बुझेका यस नगरक्षेत्र भित्र क्रियाशिल राजनैतिकदल, नागरिक समाज, समाजसेवी, वुद्धिजिवि, नीजि क्षेत्र र आम नगरवासिको सहयोग समन्वयको आवश्यकता छ ।

नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण, सशर्त अनुदान, राजश्को बाडफाड बाटप्राप्त हुने रकम प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण, सशर्त अनुदान, राजश्व बांडफांडबाट प्राप्त हुने रकम तथा अन्य निकायबाट प्राप्त हुने अनुदान र नगरपालिका कै आफ्नै सिमित आन्तरिक श्रोत र साधन समेतलाई आधार मानि  योजना तर्जुमाका विभिन्न चरण पार गर्दै विकासका साझेदार, सहकारी क्षेत्र, निजि क्षेत्र ,गै.स.स तथा अन्य शासकिय साझेदारहरु संगको एकीकृत र समन्वयात्मक प्रयास र स्थानिय सरकार संचालन ऐन २०७४, नगरपालिका बाट पारित ऐन, नियम, कार्यविधिहरुएवं प्रचलित निर्देशिका तथा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त नीतिगत मार्गदर्शन एवंम निर्देशनकै आधारमा यस सम्मानित नगरसभामावार्षिक नीति तथा कार्यक्रमप्रस्तुत गरेको छु ।

## सभाअध्यक्ष महोदय,

अव म बागचौर नगरपालिकाको समग्र विकास निर्माणका लागी यस नगरपालिकाको आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न  चाहन्छु ।

## नगरका प्राथमिकताहरु

नगरको पहिचान, उत्थान तथा समृद्धिका लागी आफ्नो नगरको विकास गर्न निम्न अनुसारका क्षेत्रहरुलाई नगर स्तरीय योजनाको रुपमा छनौट गरी प्राथमिकीकरण गरिएको छ । जो निम्नानुसार रहेका छन ।

- शहिद रिङरोड
- विद्युतीकरण
- नगरका मुख्य सडकहरु
- स्वस्थ तथा शुद्ध खानेपानी वित्तरण
- अग्लाटाकुरा भ्युटावर निर्माण
- व्यवसायीक कृषि तथा पशुपालन
- सवै वडाहरुमा स्वास्थ्य चौकी/शहरी स्वास्थ्य किल्नीक विस्तार
- नगर स्तरीय खेलकुद मैदान/रङशाला निर्माण
- चिस्यान केन्द्र निर्माण
- पानीका मुहान संरक्षण
- Richrge पोखरी निर्माण

## नगरका अन्य लक्ष्यहरु

- बाल उद्यान
- जेष्ठ नागरीक भेटघाट स्थल
- माध्यामिक विद्यालयमा प्राविधिक शिक्षा
- शहिद पार्क
- शहिद स्तम्भ
- जनयुद्ध स्मृती संग्रालय

**अब म क्षेत्रगत आधारमा वजेटका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

## आर्थिक विकास तर्फ

### १) कृषि

- परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यवसायीकरण गर्ने तर्फ बिशेष ध्यान दिइने छ। यसका लागि कृषि, फलफुल, जडीबुटी तथा पशुपालनका लागी पकेट क्षेत्र पहिचान गरि तिनको बिकास र प्रवर्द्धन गर्न आवश्यक नीति, कार्यक्रम अवलम्बन गरिने छ। साथै कृषिमा अनुदान र कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याईने छ।
- वडा नं.८ र ९ कोटमौला, वार्ड नं. ३ को खाली, वडा नं. ७ को साना गाँडाकोट लगायतको स्थानमा उत्पादित हुने सुन्तला, वडा नं. ११, १२ र ४ मा  उत्पादित आलु, वडा नं.१,२,३,५,६ र १० लगायतका क्षेत्रमा उत्पादित अदुवा, बेसार, टिमुर खेतिको आधुनिकिकरण, भण्डारण तथा पैठारीका साथ यस क्षेत्रलाई वाह्य क्षेत्रमा समेत पहिचान दिने कार्यको थालनी गरिने छ।
- कृषि उत्पादनलाई बजारीकरण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । कृषकबाट उत्पादित फलफुल तथा तरकारी बिक्री वितरणका लागी हाट बजारको ब्यवस्थापन गरिने छ।
- अर्गानिक तथा बेमौसमी तरकारी खेतीलाई प्रोत्साहित गर्ने कार्यक्रमको ब्यवस्था मिलाईने छ ।
- आलु, सुन्तला लगायतका तरकारी तथा फलफुलबाट कृषकलाई वेमौसमी लाभका लागी चिस्यान केन्द्र स्थापना गरिने छ।
- वडा नं. ११ र १२ को बाँफुखोलामा आलु पकेट क्षेत्र, वडा नं. ८ र ९ मा सुन्तला पकेट क्षेत्र घोषण गरी दुवै स्थानमा अनुसन्धान केन्द्र स्थापनाको लागी पहल गरिने छ।
- निर्धारित तरकारी उत्पादन पकेट क्षेत्र भित्रमा किसानलाई उत्साहित गर्न कृषि मेला प्रदर्शनी गर्नुका साथै निशुल्क बेमौसमी तरकारीको विउ विजन वितरण गरिनेछ।
- सुन्तला तथा लालिगुँरासको जुस, अदुवाको क्यान्डी, उत्पादित सुटो टिमुर प्रशोधन लगायत कृषकलाई प्रत्यक्षलाभ हुने कृयाकलापलाई नमुनाको रुपमा संचालन गरिनेछ।
- एक टोल एक उत्पादनको नीतिलाई प्राथमिकता दिई आवश्यक व्यवस्था मिलाइनेछ।
- एक घर एक करेसाबारी को नीति लागु गरिने छ।
- एक वडा एक कृषि तथा पशु प्राविधिक कार्यक्रम लागु गरिने छ।
- किसानलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण गरिने छ।
- नगरका विभिन्न बालीहरुको संभावनालाई अझ व्यवसायीकरण गर्दै लैजान विभिन्न सम्भावित स्थानहरुको माटो परिक्षण कार्यलाई अगाडी बढाईने छ।
- नगरवासि दाज्भाई दिदी बहिनीहरुलाई कृषि प्रणालीमा आवद्ध गराई आय आर्जन हुने र स्थानीय उत्पादनलाई जोड दिन ५० प्रतिशत अनुदानमा एक घर एक टर्नेल को व्यवस्था मिलाईने छ।
- एक घर १० वटा फलफुलका विरुवा अनिवार्य लगाउनुपर्ने नीति लिईने छ।
- विभिन्न सहकारीको माध्यमबाट कृषि प्रणालीलाई व्यवसायिकरण गर्दै लगिने छ।

## २.पशु सेवा

- पशुपालनबाट अत्यधिक लाभ लिनको लागी नस्लसुधार कार्यक्रम लागु गरिनेछ ।
- व्यावसायिक पशुपंछी पालन कार्यलाई प्रोत्साहन गरिनेछ ।
- नगरपालिका स्तरीय एक पशु बिमा समिति स्थापना गरिने छ । उक्त समितिले नगरपालिका अन्तर्गत पशुपालक कृषकहरुका पशु बिमा गरिने छ । यसरी विमामा जम्मा गरेको रकम पशुपालक कृषकलाई पशुधन नोक्सानी भएपछि क्षतिपुर्ति दिइने छ ।
- दुग्धजन्य पदार्थको संकलन, वितरण तथा प्रवर्द्धनका लागी आधुनिक डेरी व्यवस्थापन गरिने छ । त्यस्ता कार्य गर्ने सहकारी संस्थालाई प्रोत्साहित गरिनेछ ।
- भैसी पालनलाई प्रोत्साहन गर्न सुत्केरी भैसीलाई रु ३०००। भत्ता वितरणलाई निरन्तरता दिईने छ ।
- अन्डा र मासुमा आत्म निर्भर हुन ५० प्रतिशत अनुदानमा कुखुराको चल्ला वितरण गरिने छ

## ३. पर्यटन

- नगर क्षेत्रभित्र रहेका ऐतिहाँसिक, धार्मिक तथा पुरातत्वका हिसावले महत्वपूर्ण स्थानहरुको विवरण संकलन गरिने छ ।
- अग्ला टाकुरा भ्युटावरको निर्माण कार्यलाई अगाडी  बढाईनेछ ।
- पर्यटकीय स्थलहरुको पहिचान र प्रचार प्रसार गरिने छ ।
- वडा नं. १० को शिव मन्दिर, वडा नं. ६ को वली जातिको उद्गम स्थल हिमचौर तथा वडा नं. ८ को रानीपोखरीलाई पर्यटन प्रर्वद्धन गरिने छ ।
- नगरका पर्यटकीय क्षेत्र एवं महत्वपूर्ण प्राकृतिक श्रोत साधनहरुको पहिचान गरी आर्थिक विकासको संभावनालाई बढाउन पर्यटन गुरु योजनाले तय गरेका योजनाहरु प्राथमिकता क्रम अनुसार लागु गरिनेछ ।
- नगरक्षेत्र भित्र रहेका बन तथा वन्य जन्तु संरक्षण र पर्यटन क्षेत्रको प्रबर्द्धनका लागी वडा नं.१२ को सुकिदह र वडा नं.७, ९ र ११ को मख्लाम क्षेत्रलाई आरक्षण क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ ।

## ४. घरेलु तथा साना उद्योग

- नगरवासीहरुको परम्परागत व्यवसायलाई आधुनिक तथा व्यवसायी करण गर्दै लैजान सम्भावित घरेलु तथा साना उद्योग स्थापना गर्ने ।

- स्थानीय स्तरमा रहेका कच्चा पर्दाथहरुको अधिकतम प्रयोग हुने गरी औधोगीगक ग्राम स्थापना गर्न जोड दिने छ ।
- आलु,सुन्तला तथा मसला बाली आदी उत्पादित बस्तुको प्रशोधन स्थानीय स्तरमै गर्न उपयुक्त माध्यम अपनाईने छ ।
- स्थानीय स्तरमा उत्पादित बस्तुहरुको प्रचार प्रसार तथा वजारीकरणको लागी कोशेली घर को स्थापना गरिने छ ।

# सामाजिक विकास तर्फ

## १) शिक्षा

- शत प्रतिशत बालबालिका विद्यालयमा भन्ने नीति लिईने छ ।
- आधारभुत तहका बालबालिकालाई दिवा खाजाको व्यवस्था लाई निरन्तरता दिईने छ ।
- छोरी नपढाउनेलाई सेवा सुविधाबाट बन्चित गर्ने नीति लिईने छ ।
- विद्यालयमा बालबालिकाको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाईने छ ।
- एक वडा एक माध्यमिक विद्यालयसंचालन गरिने नीति लिईने छ ।
- विद्यार्थीको संख्याको आधारमा विद्यालय मर्ज तथा शिक्षक दरवन्धि मिलान गरिने छ ।
- बालविकास केन्द्रहरुलाई थप व्यवस्थित बनाउदै लगिने छ ।
- नगर शिक्षा कोषको व्यवस्थापन गरिने छ ।
- नगर भित्रका उत्कृष्ट शैक्षिक उपलब्धी ल्याउने सामुदायिक विद्यालय, शिक्षक,शिक्षिका तथा विद्यार्थीहरुलाई  पुरस्कृत तथा प्रोत्साहित गर्ने नीति लिईने छ ।
- शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धात्मक बनाई आधुनिक प्रविधि अनुकूल हुनेगरी सहयोग पुऱ्याउन प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिइने छ साथै शैक्षिक संस्थाहरुमा इमेल–इन्टरनेट सेवाको लागि आवश्यक कार्यक्रम बनाई लागु गरिने छ ।
- "**जहाँ विद्यार्थी त्यहाँ शिक्षक,जहाँ शिक्षक त्यहाँ विद्यार्थी**" को नीति लिई विद्यालयहरुको उचित व्यवस्थापन गर्दै लगीने छ ।
- शिक्षा संगै खेलकूदको नीति लिई विद्यालयमा खेलकुद तथा खेलाडी प्रोत्साहन र विकास गर्नेव्यवस्था मिलाइनेछ ।
- द्वन्द पिडित,जेहेन्दार तथा विशेष प्रतिभा भएका बालबालिकाहरुलाई विशेष छात्रवृत्ती दिइनेछ ।
- नगर भित्र छनौट गरिएका बिद्यालयहरुमा उत्कृष्ट शैक्षिक उपलब्धि देखिने गरि पर्याप्त भौतिक सुबिधा सहितका नमूना बिद्यालय संचालन गरिने नीति लिइने छ ।

- गुणस्तर र रोजगार उन्मुख शिक्षा प्रणालीको व्यबस्थापनका लागी नगरका सबै विद्यालयहरुलाई नीति निर्माणका लागी निर्देशन गरीने छ ।
- नगरभित्र रंगशाला निर्माण, योगा तथा सत्संग केन्द्र स्थापना र नगरको खेलकुदलाई प्रभावकारी बनाई प्रदेश तथा राष्ट्रिय स्तरमा पहिचान स्थापना गर्ने तर्फ जोड दिईने छ
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार तथा पूर्वाधार विकासको नीति लिइनेछ ।
- **शिक्षा जीवनको ज्योति हो** भन्ने भावना जागृत गराई विद्यालयमा पहुंच नभएका प्रत्येक वालवालिकाले पढ्न पाउने अधिकारलाई सुनिश्चित गरिनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयमा शुरु कक्षामा नयां भर्ना हुने विद्यार्थीलाई अनिवार्य अंग्रेजी माध्यमद्धारा पठनपाठन गराइनेछ साथै अंग्रेजी माध्यमलाई प्रत्येक वर्ष क्रमशः थप गर्दै लगिनेछ ।
- प्राविधिक शिक्षालाई शिक्षाको मूल आधारको रुपमा लिई विभिन्न विद्यालयहरुमा माध्यमिक तह देखि नै प्राबिधिक शिक्षा विस्तार गर्न पहल गरिने छ ।
- आधारभुत तथा माध्यामिक शिक्षालाई गुणस्तरीय बनाउन जोड दिइनेछ । शिक्षकको दक्षता वृद्धि, तालीमको व्यवस्था गर्नुको साथै विद्यार्थीको अनुशासन र अभिभावकको सहयोग पूर्ण सक्रियता बढाउन अभिभावक शिक्षा लागू गरी शिक्षालाई गुणस्तरीय बनाइनेछ ।
- नगर शिक्षा योजना तयार गरी शिक्षा क्षेत्रलाई व्यवस्थित गरिनेछ ।
- सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बृद्धि गर्न विशेष पहल गरिनेछ । साथै विद्यार्थी संख्या अत्यन्त न्यून भएका सामुदायिक विद्यालयहरुलाई एक आपसमा मर्ज गर्ने नीति लिईने छ ।
- सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न आधारभुत तहलाई बालमैत्री बनाईनेछ । शिशु कक्षामा अध्यापन गराउने शिक्षिकाहरुलाई मन्टेश्वरी तालिम उपलब्ध गराइने छ ।
- एक विद्यालय एक पुस्तकालय, एक विद्यालय एक खेल मैदानको निति लिईने छ ।
- **मेयर संग उज्यालो कार्यक्रम** अर्न्तगत घरमा विद्युत सुविधा नभएका र सामुदायिक विद्यालयमा अध्ययनरत अत्यन्त विपन्न, दलित, जनजाती र जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक गुणस्तर सुधार गर्न सोलार वत्ति वितरण कार्यक्रम लाई निरन्तरता दिईने छ ।
- जनकल्याण मा.वि. थारमारेको कृषि स्थललाई स्तरोन्नति गरी कृषि तथा पर्यटन स्थलको रुपमा विकास गर्ने नीति लिईनेछ ।

## २. स्वास्थ्य

- सार्वजनिक स्थानहरुमा धुम्रपान पुर्णरुपमा निषेध गरिने छ ।
- स्वास्थ्य संस्थामा बच्चा जन्माउनेलाई प्रोत्साहन गरिने छ ।
- २० वर्ष उमेर पुगि विवाह गरेका, बच्चालाई खोप लगाएका २ वटा सम्म बच्चा जन्माएका, स्वास्थ्य संस्थामा बच्चा जन्माएका आमाहरुलाई असल आमाको रुपमा सम्मान गरिने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र थारमारेमा सुत्केरी हुन आउनेनगर भित्रका महीलाहरुलाई एकतर्फि एम्बुलेन्स सेवा निशुल्क गरिने छ।

- नगरभित्रकाजेष्ठ नागरिकहरुलाई प्राथमिक स्वास्थ्य केन्द्र थारमारेमा आउदा जाँदा एम्बुलेन्स भाडामा २५ प्रतिशत छुट दिईने छ ।
- गर्भवती सुत्केरी महिला र जेष्ठ नागरिक नगर बाहिर उपचारमा जानु परेमा एम्बुलेन्स भाडामा १० प्रतिशत छुटको व्यवस्था गरिने छ ।
- **"जहाँ स्वास्थ्यकर्मी, त्यहाँ स्वास्थ्य सेवा"** भन्ने अवधारणाको नीती अवलम्वन गरिने छ ।
- नगरपालिकाका सबै वडाहरुलाई पूर्ण खोप घोषणाका कार्यक्रम गरि नगरपालिकालाई यथाशिघ्र पूर्ण खोप नगरपालिका घोषणा गरिने छ ।
- जेष्ठ नागरिकका लागि नगरपालिका स्तरिय आँखा तथा कान स्वास्थ्य शिविर कार्यक्रमहरु संचालन गरिने छ ।
- महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई उत्कृष्ट कार्यसम्पादन गरे वापत पुरस्कार तथा प्रशंसा पत्रको ब्यवस्था गरिने छ ।
- नगर भित्र सञ्चालित स्वास्थ्य संस्थाहरुको स्तरबृद्धि तथा चुस्त सेवा प्रवाहीकरणमा जोड दिइनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र थारमारेलाई स्तर वृद्धिगरी ५० सैयाको अस्पतालको लागी सम्बन्धित निकायमा माग गर्न पहल गरिने छ ।
- नगरवासिलाई स्वास्थ्य उपचारमा समान पहुचको अवस्था सिर्जना गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवा प्रभावकारी बनाउन औषधि र उपकरणको व्यवस्था गरिनेछ ।
- पूर्ण खोप, पूर्ण सरसफाई उन्मुख नगरपालिका बनाउने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- विभिन्न खोप अभियान लगायत सर्ने तथा नसर्ने रोगहरुको न्यूनीकरण गर्न सम्वन्धित निकायसंग सहकार्य गरि नियमित रुपमा अभियान संचालन गरिनेछ ।
- स्वास्थ्यमा सबैको पहुचका लागी **एक वडा एक स्वास्थ्य सेवा केन्द्र** स्थापना गर्न आवश्यक पहल गरिने छ ।

## ३. खानेपानी

- खानेपानीको उपलब्धता सहज बनाइने छ । स्थानीय स्रोतको संरक्षण र भण्डारण द्वारा खानेपानीको सुविधा प्रत्येक टोल बस्तीमा उपलब्ध गराइने छ ।
- यस नगर क्षेत्रभित्र रहेका खानेपानीका मुहानहरु निश्चित मापदण्ड बनाई प्रयोग तथा संरक्षण गरिनेछ ।
- मेयर सँग हिलट्याङ्क वितरण कार्यलाई निरन्तरता दिईने छ ।
- खानेपानीको श्रोत नभएका उच्च भू–भागका क्षेत्र र समुदायलाई प्राथमिकताका आधारमा लिफ्ट खानेपानी सेवा उपलब्ध गराउने नीति लिईने छ ।
- यस नगर क्षेत्रभित्रको खानेपानीको मुहान उपभोग सम्बन्धि आवश्यक कार्यविधि बनाई लागु गरिने छ ।

## ४. महिला, वालवालिका, जेष्ठ नागरिक तथा अपाङ्गता

- महिला शसक्तिकरणका लागि विगतको जस्तो निश्चित प्रतिशत विनियोजन नभई आवश्यकताका आधारमा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- लक्षितवर्ग,विपन्न ,गरीब, दलित, जनजाति, महिला तथा बालबालिका, फरक क्षमता भएका बृद्धबृद्धा, घाईते अपाङ्ग एवं जोखिममा रहेका वर्गहरुको साथै विस्थापित परिवारको समेत आवश्यकतामा केन्द्रित हुने खालका योजनाहरुको छनौटमा प्राथमिकता दिने नीति लिइनेछ ।
- दश वर्षे जनयुद्ध तथा १९ दिने जनआन्दोलनका घाईते अपाङ्ग शहिद तथा बेपत्ता परिवार एवं न्यून आय भएका व्यक्तिहरुको क्षमताको विशिष्टिकरण गरी रोजगारीमा प्राथमिकता दिईने छ ।
- विकास निर्माणमा महिला सहभागिता अभिवृद्धि गर्न र महिलाद्धारा निर्माण गरिने विकासमा आर्थिक पारदर्शिता नमुनाको रुपमा झल्काउनका लागी महिलाहरुको छुट्टै उपभोक्ता समिति बनाई विकास कार्यान्वयन गर्ने नीति लिईने छ ।
- सामाजिक कुरीति तथा कुसंस्कारजन्य कृयाकलापहरु जस्तै जुवा तास,मदिरा सेवन तथा विक्री वितरण,बोक्सी, दाइजो, छुवाछुत  प्रथा तथा यौन विकृती जस्ता कृयापलापहरु निरुत्साहीत गर्न महिला समितिहरुलाई विशेष अधिकार प्रदान गरिनेछ ।
- वाल विवाह, बहु विवाहलाई न्युनिकरण गर्न विद्यालय स्तरदेखि वडा टोल स्तरमा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- नवजात शिशुलाई न्यानो झोला वितरण गरिने छ ।
- आर्थिक, सामाजिक र राजनितिक रुपमा पछाडि परेका महिलालाई मुलधारमा ल्याउन विषेश कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गिक विभेदलाई न्युनिकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल संरक्षण किशोरी सशक्तिकरण जेष्ठ नागरिक, एकल महिला अपाङ्गता भएका व्यक्ति तथा हिंशा पिडित महिलाका लागि सशक्तिकरण र पुर्नस्थापनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ५. खेलकुद

- नगर मेयरकप र वडा स्तरीय खेलकुद तथा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई निरन्तरता दिईनेछ ।
- खेलका माध्यमबाट स्वास्थ्य, सरसफाई तथा अनुशासनको विकास गरिनेछ ।
- नगरस्तरिय खेलकुद मैदान/रंगशाला निर्माण गरिनेछ ।
- एक मा.वि.एक खेल प्रशिक्षकको व्यवस्था गर्ने नीति लिईने छ ।

## ६. कला साहित्य र संस्कृति

- यस नगरभित्र लोपोन्मुख कला सहित्य संस्कृतिको विकास र विस्तारका लागी १ कला साहित्य संस्कृति प्रतिष्ठान गठन गरी लोप हुन लागेका कला संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिने छ । साथै यस नगरको डाँगी तथा वली जातीको उदगम स्थल भएको गौरवमय इतिहासलाई देशभर पहिचान स्थापित गर्न योजनालाई निरन्तरता दिईने छ ।
- आदिवासी जनजाति तथा लोपोन्मुख समुदायहरुको भाषा, साहित्य, संस्कृति र कला संरक्षणको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै नगरको लोक संस्कृति जगेर्ना गर्ने नीति लिईनेछ ।
- नगर भित्रका संस्कृतिको रुपमा रहेका मयुर नाँच,पैसरी नाँच,सिंगारु नाँच,पन्चेबाजाको संरक्षण र सम्वर्दन गर्दै लगिने छ ।

# पुर्वाधार विकास तर्फ

## १. सडक

- नगरमा सुलभ यातायात सेवा पुऱ्याउन सडकको स्तर उन्नती गर्ने, पुराना सडकको मर्मत सुधार र आवश्यकता अनुसार नयाँ ट्र्याक खोल्ने कार्यलाई निरन्तरता दिईने छ ।
- यसको अतिरिक्त नगरको विच भएर जाने राप्ती राजमार्गको मर्मत सुधार गर्न संघ सरकारलाई अनुरोध गरिनेछ ।
- निर्माण गरिएका सडकहरुको नियमित मर्मत संभारलाई व्यवस्थित गर्न छुट्टै मर्मत संभार कोषमा आवश्यक रकम विनियोजन गरिने छ ।
- वडाभित्रका सडकहरुको निर्माण मर्मत सम्भार गर्ने कार्य सम्बन्धित वडाबाटै गर्ने नीति अवलम्वन गरिने छ ।
- प्रत्येक वडा कार्यालय सम्म पुग्ने सडकहरुको मर्मत सम्भार र स्तरोन्नति गरी बाह्रै महिना संचालन हुने व्यवस्था मिलाईनेछ ।
- नगर क्षेत्र भित्रका सडकहरुको नियमित मर्मत सम्भार का लागि मुख्य मुख्य सडकहरुमा लाईन्स म्यान को व्यवस्था गरी सडकहरुको नियमित मर्मत सम्भारको व्यवस्था मिलाईनेछ ।

## २. सिचाई

- कृषि खेतिलाई व्यबसायीकरण गर्न सिचाईको अति महत्व छ । पानिका स्रोतहरुको पहिचान गरि अधिकतम उपयोग गर्न सक्ने गरि सिचाईको व्यबस्था मिलाउने कार्यलाई निरन्तरता दिईने छ ।
- सिचाई डिभिजन र सिचाई सँग सम्बन्धित विभिन्न परियोजनाहरुसँग समन्वय र साझेदारीमा ठुला योजनाहरु कुलो नहर बनाउने कार्यलाई प्राथमिकता दिईने छ ।

## ३.विद्युतीकरण

- नगरको आधारभूत विकासका लागि विद्युतिय उर्जा व्यवस्थापनको महत्वपूर्ण भूमिका महसुस गरी ***समृद्ध नागरिक उज्यालो घर, आधुनिकता तर्फ बागचौर नगर*** भन्ने नीति लिई केन्द्रिय तथा सम्भाव्य स्थानहरुमा लघु जलविद्युत समेतको विकास गरी आगामी ५ वर्ष भित्र नगरका सबै टोलहरुमा विद्युतिकरण गरि उज्यालो नगर बनाइने छ ।
- केन्द्रिय प्रशारण लाईन नपुगेका स्थानहरुमा विधुतलाईन विस्तार गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- मेयर सँग उज्यालो कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## ४. भवन, आवास तथा शहरी सुविधा

- नगरभित्र व्यवस्थित आवास, भवन संहिता तथा नमूना वस्ती/बजार व्यवस्थापनका लागि दीर्घकालिन योजना निर्माण गरी लागू गरिनेछ ।
- सरकारी/सार्वजनिक जग्गाको जथाभावी व्यक्तिगत उपभोग गर्ने कार्यलाई निरुत्साहित गर्ने निति लिईने छ ।
- सुरक्षा तथा सेवा सुविधाका दृष्ट्रिकोणबाट अनुपयुक्त रहेका आवास क्षेत्रको स्थानान्तरणलाई प्रोत्साहित गरिनेछ ।
- राष्ट्रिय भवन संहिताको पूर्ण रुपमा पालना गर्दै नगरपालिका भित्र बनिसकेका घरहरुको अभिलेखीकरण र नयां बन्ने घरहरुको नक्सापास कार्यलाई अभियानका रुपमा संचालन गरिनेछ ।
- नयां निर्माण हुने तथा पुनर्निमाण हुने सरकारी भवन, सार्वजनिक स्थल,सडक यातायात लगायतका पूर्वाधार संरचना अपांग मैत्री बनाउन प्रेरित गरिनेछ ।
- भवन निर्माण कार्यलाई गुणस्तरिय ,सुरक्षित तथा किफायति वनाउन नगरपालिकाले भवन निर्माण सम्बन्धि मापदण्ड तयार गरी कार्यान्वयन गरिने नीति लिइने छ ।

# वन वातावरण तथा विपद व्यवस्थापन तर्फ

## १.वन वातावरण

- **"हरियो वन, बागचौरको धन"** भन्ने मूल नारालाई मध्यनजर राखी स्वच्छ , सुन्दर र हरियाली नगरपालिका बनाउन ग्रीन पार्क निर्माण, बृक्षारोपण तथा संरक्षण अभियानको नीति अवलम्वन गरिने छ ।

- प्रत्येक ब्यक्तिले बिशेष घटनामा जन्म, मृत्यु, बिवाह, पूजाआजाको उपलक्ष्यमा अनिवार्य रुपमा नछुटाई एक बिरुवा रोप्ने नीति लिईने छ, साथै प्रत्येक व्यक्तिले बर्षमा ५ वटा बिरुवा अनिवार्य लगाउनु पर्ने नीति लिइनेछ ।
- वनमा आगलागी गर्ने, चोरी शिकारी गर्ने, खोलामा बिष तथा करेन्ट प्रयोग गरी माछा मार्ने कार्यलाई निरुत्साहित गरिने छ ।

- वातावरणमैत्री स्थानीय शासनको प्रारुपलाई स्थानीयकरण गर्न समन्वयात्मक अभियान संचालन गरिनेछ ।
- वातावरण संरक्षण तथा संवर्द्धनमा जोड दिदै वातावरण मैत्री योजना संचालन गरिने नीति लिइने छ । साथै विकास निर्माणका योजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ ।
- सामुदायिक वनको संरक्षणमा समुदायलाई थप जिम्मेवार वनाउदै वन तथा वातावरण संरक्षण र सम्वर्द्धनमा जोड दिइने छ ।
- हरित सडकको अवधारणा कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- **एक टोल एक रिचार्ज पोखरी, एक टोल एक वरपिपल चौतारी, एक वडा एक उद्यान** बनाउने नीति लिईने छ ।
- बागचौर नगरपालिकालाई धुवाँ रहित नगरपालिका बनाउन विषेश कार्यक्रम संचालन गरिने छ ।
- बनको अधिकार प्रयोगमा सामुहिक संरक्षण र सामुहिक उपभोगको नीति अनुसार सबैले उपभोग र संरक्षण गर्न पाउने निति अबलम्बन गरिने छ ।
- नगरवासिहरुले घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर अनिवार्य रुपमा राख्ने र कुहिने फोहोरलाई कम्पोस्ट मल बनाई प्रयोग गर्न लगाईने छ ।
- बाताबरणीय अनुकुलन कार्यक्रम लाई प्रोत्साहन दिईने छ ।
- शारदा नदि लगाएतका स्थानहरुमा नदि जन्य ढुङ्गा ,गिट्टी ,बालुवा जथाभावी रुपमा उत्खनन् गर्ने कार्यलाई नियन्त्रण गरिने छ ।
- शारदा नदी लगाएतका नदीका मुहानहरुमा माछाका भुराहरु छोडने नीति लिईने छ ।

## २. भू संरक्षण

- वाढिपहिरो रोकथाम गर्न बाँस निगालो, अम्लिसो, भुईघाँस जस्ता वायो इन्जिनियरिङ्ग प्रविधिलाई प्रोत्साहन गरिनेछ ।
- गल्छी खोला किनाराहरुमा भु क्षय हुनबाट बचाउन सुख्खा प्रखाल लगाउने र तार जालि भर्ने विधिको अवलम्वन गरिनेछ ।
- पानिको प्राकृतिक वहावलाई नरोकिने व्यवस्था मिलाईनेछ ।

## ३. विपद  व्यवस्थापन

- नगर प्रमुख को अध्यक्षतामा नगर विपद व्यवस्थापन समिति र वडा अध्यक्षहरुको अध्यक्षतामा वडा विपद व्यवस्थापन समिति गठन गरिने छ ।
- नगरपालिकामा खडा गरिएकोविपद व्यवस्थापन कोषलाई बढवा दिने नीती लिईने छ ।

- नगर क्षेत्र भित्रका नदि कटानका जोखिमयुक्त स्थानको पहिचान गरि सो को न्युनिकरण गरिने छ ।
- भुकम्प प्रतिरोधि संरचना निर्माण गर्ने नीति लिइने छ ।
- विपत व्यवस्थापन सम्बन्धि अत्यावश्यक सामग्रीहरुको आवश्यक बन्दोवस्त मिलाईने छ ।
- कर्मचारी,जनप्रतिनिधि,सुरक्षा निकाय,स्थानीय समुदायलाई विपद पूर्व तयारी,विपद प्रति कार्य,राहत वितरण सम्बन्धी तालिम तथा अर्न्तकृयाको व्यवस्था मिलाईने छ ।

## ४. बजार व्यवस्थापन

नगरका कालाखेत, थारमारे, बागचौर, खरिबोट, रारेचौर, बाङ्गेलाकुरी, पेदिखोला, सिमखोली, दुवारा पातिहाल्न, दोभान, कोटमौला ,पातिहाल्ना, जलेखर्क, टाट्के, चौरपानिजस्ता स्थानहरुमा बजारीकरण हुदै गईरहेको छ । यसलाई समयमै व्यवस्थित गर्न सकियन भने व्यवस्थित बजारको परिकल्पना गर्न कठिनाई हुने छ । बजार विस्तार सँगै उपयुक्त सडक, नाली र सार्वजनिक स्थलहरुको समयमै व्यवस्थापन गर्नु जरुरी रहेको छ । अत यसको लागि निम्नानुसारका नितिहरु अवलम्बन गरिने छ ।

- बजार उन्मुख स्थानहरुमा सडक, सडक पेटी, ढल निकास, विच-विचमा सार्वजनिक स्थलको पहिचान तथा निर्माणमा ध्यान दिईने छ  ।
- बजार क्षेत्रमा रहेका पसलहरुको सामान उक्त पसल रहेका घरको सडक, सडक पेटि र सटर वा ढोका वाहिर जथाभावि राख्ने कार्यलाई पुर्ण वन्देज लगाईने छ ।
- नगर क्षेत्रमा जथाभावि रुपमा होर्डिङ्गबोर्ड राख्ने व्यानर तथा पोष्टर टास्ने कार्य असोभनिय भएको हुदाँ यस्तो कार्यको लागि नगरपालिका कार्यालय वाट अग्रिम रुपमा स्वीकृती लिनुपर्ने छ ।
- नगरका उपयुक्त स्थानहरुमा सडक बत्तिको व्यवस्था मिलाईने छ ।
- नगरभित्रका मुख्य बजार केन्द्रहरुमा विक्री वितरण गरिने दैनिक उपभोग्य बस्तुहरुको नियमति अनुगमन गरिने छ ।

# सुशासन तथा संस्थागत विकास तर्फ

## १. सुशासन

नगर पालिकाले दैनिक जसो विकास निर्माण र सेवा प्रबाहका कार्यहरु त गरिरहेकै हुन्छ । हामिले गरिरहेका काम र दिने सेवाका सम्बन्धमा आम नगरवासिलाई जानकारी हुनु अति सान्दर्भिक हुन आउछ । यस नगरपालिकाले विभिन्न सञ्चार माध्यमहरुमार्फत आफुले गरेका कार्यहरु सार्वजनिक गर्ने गरेको छ । साथै नगरपालिकाको सेवालाई चुस्त ,दुरुस्त, पारदर्शी ,जवाफदेही तथा उत्तरदायी बनाउनको लागि यस नगरपालिकाले निम्नानुसारको निति अबलम्बन गरेको छ ।

- सामाजिक परिक्षण ,सार्वजनिक परिक्षण ,सार्वजनिक सुनुवाई तथा अनुगमन र मुल्याङकन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- कार्यालयमा विभिन्न प्रकारका सफ्टवेयर तथा सुचना प्रविधिको प्रयोगमा जोड दिइने छ ।
- कार्यालयमा MOBILE APPS, bagchaurmun.gov.np, ito.bagchaurmun@gmail.comबाट प्रदान गरिने सेवालाई निरन्तरता दिईने छ ।
- नगरका मुख्य स्थानहरुमा **FREE WIFI** को व्यवस्था गरिने छ ।
- सामाजिक सुरक्षा बापतको भत्ता वितरण प्रणाली लाइ पारदर्शि तथा सरल वनाउन वैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने कार्यलाई जोड दिईने छ । उक्त कार्यलाई सहज नहुदाँसम्म कम्तिमा सम्बन्धित वडा टोलमा गई वितरण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- बदलिदो परिस्थिति अनुकुल जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई चुस्त, दुरुस्त र सक्षम बनाई राख्न आवश्यक तालिमहरुको अवसर प्रदान गरिने छ । साथै जिल्ला/क्षेत्रिय भ्रमण तथा अनुभव आदान प्रदानको कार्यक्रम संचालन गरिने नीति लिईने छ ।
- नगर भित्र यूवा तथा शैक्षिक वेरोजगारी न्यूनीकरणका लागि युवा स्वरोजगारका कार्यक्रम ल्याईने छ ।
- नगरभित्रका अधिकांस युवाहरु रोजगारीका लागी विदेश पलायन हुने समस्यालाई न्युनिकरण गर्न बेरोजगार युवायुवतीको तथ्याङ्क संकलन गरि नगर भित्र उत्पादित बस्तुको प्रशोधन प्राकृतिक खानीको खोजी गर्नुका साथै नगरभित्रै उद्योग संचालनका लागी आउने उद्योगी व्यवसायीलाई प्रोत्साहीत गर्ने र नगरभित्र स्वरोजगारमुलक आवधिक योजना संचालनमा ल्याउन जोड दिईने छ ।

## २. कानुन

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको अभ्यासमा हामि रहेका छौं । अशल शासन व्यवस्था सञ्चालनको लागि विधिको शासनको आवश्यकता रहन्छ । विधिको शासन भन्नु नै कानुनको साहाराबाट शासकिय पद्धति सञ्चालन गर्नु हो । सँघ सरकारबाट कानुका केहि खाकाहरु समय समयमा प्राप्त भएका छन् । प्रदेश सरकारका कानुनहरु पनि निर्माण भईरहेका छन् । हाम्रो

यस बागचौर नगरपालिकाले हालसम्म निम्नानुसारका ऐैन, नियम, कार्यविधिहरु निर्माण गरेको भएतापनि अझै महत्वपुर्ण ऐन, नियम,

कार्यविधिहरु निर्माण गर्न बाँकी नै रहेको हुदाँ उक्त कानुनहरु निर्माण कार्यलाई पनि आगामि आ.ब.मा निरन्तरता दिईने छ ।

## <u>हालसम्म बनेका ऐन नियम तथा कार्यविधिहरु</u>

- आर्थिक ऐन २०७४
- विनियोजन ऐन २०७४
- बागचौर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४
- बागचौर नगरपालिकाको विनियोजित ऐन(प्रथम संशोधन)२०७४
- बागचौर नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली २०७४
- बागचौर नगर कार्यपालिका (कार्य विभाजन) नियमावली २०७४
- बागचौर नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण नियमावली २०७४
- बागचौर नगरकार्यपालिकाको बैठक संचालन कार्यविधि २०७४
- उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि २०७४
- आर्थिक ऐन २०७५
- विनियोजन ऐन २०७५
- न्यायिक समिति कार्यविधि सम्बन्धि ऐन २०७५
- सहकारी ऐन २०७५
- नगर विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५
- राजस्व ऐन २०७५
- प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५
- शिक्षा ऐन २०७५
- बागचौर नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५
- घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५
- गैर सरकारी संस्था गठन तथा व्यवस्थापन निर्देशिका ,२०७५

## अब निर्माण गर्नुपर्ने कानुन/कार्यविधिहरु

- राजश्व सुधार कार्यविधि
- नगर प्रहरी भर्ना, छनौट कार्यविधि
- अन्य विविध कानुनहरु
- नगर आवधिक योजना
- नगर विकास कार्यविधि ।
- राजश्व सुधार कार्य योजना ।
- फोहोर व्यवस्था निर्देशिका ।
- नगर प्रहरी सम्बन्धि ऐन/नियम ।
- संस्थागत विद्यायलय संचालन मापदण्ड ।
- नगरपालिकाको कार्य संम्पादन सम्बन्धमा व्यवस्था गर्न बनेको नियम ।
- नगरपालिकाको पदाधिकारीहरुको आचार संहिता ।
- F.M.रेडियो संचालन निर्देशिका ।
- छात्रवृत्ती सम्बन्धि निर्देशिका ।
- आर्थिक सहायता सम्बन्धि निर्देशिका ।
- खानेपानिको मुहान उपभोग सम्बन्धी कार्यविधि ।
- टोल विकास संस्था, अन्य समुह संस्थाहरु गठन कार्यविधि ।
- भवन निर्माण मापदण्ड सम्बन्धि कार्यविधि ।

## ३. न्यायिक समिति

नगर क्षेत्र भित्रका विभिन्न साँध सिमाना, कुलो, आलिधुर, आदिका सम्बन्धमा हुने बादविवाद हरुलाई समयमै स्थानिय स्तरमै विवादको निरुपण गर्न न्यायिक समितिको भुमिका अहम रहेको छ । यसले मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्दछ । न्यायिक समितिलाई प्रभावकारी बनाउन निम्नानुसारका नीति अबलम्बन गरिने छ ।

- प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरी मेलमिलापको माध्यमबाट वडामा नै विवादको सामाधान गर्ने व्यवस्थाका लागी सबै वडाहरुमा मेलमिलाप कर्ताहरुको व्यवस्था मिलाईने छ ।
- न्यायीक समितिमा इजलासको निर्माण तथा व्यवस्थापन गरिने छ ।
- नगर कार्यपालिका तथा नगरसभाका सदस्यहरुलाई न्यायीक क्षेत्रसँग सम्बन्धित विषयमा तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।
- मेलमिलाप कर्तालाई कृयाशिल र दक्ष बनाउन तालिम संचालन गरिने छ ।

## ४.सुचना, सञ्चार तथा प्रबिधि

- नगरक्षेत्र भित्र एफ.एम.रेडियो, टेलिभिजन र प्रकाशनका माध्यमहरुलाई सञ्चालन तथा व्यवस्थित गर्दै लगिने छ ।
- नगरपालिका भित्र उपयुक्त ठाउंहरुमा पुस्तकालय तथा वाचनालयको ब्यवस्था गरिने छ र दीर्घकालिन रुपमा ई पुस्तकाय राख्ने नीति लिइने छ ।

- **जहाँ संचार त्यहां संसार** को नीति लिई संचार क्षेत्रको प्रवर्द्दन र विकासमा जोड दिईने छ ।

# अन्य

## १. गैर सरकारी क्षेत्र, टोल विकास संस्था, आमा समूह

- यस नगरपालिकालाई कार्यक्षेत्र बनाई कार्य गर्ने विकास सँग साझेदार निकायहरुलाई एकद्धार नीतिबाट काम गर्न उत्प्रेरित गर्ने नीति लिईने छ ।
- नगर भित्रका गैर सरकारी संघ, संस्था तथा समूहको प्रभावकारी परिचालन, नियमन अनुगमनगर्ने नीति लिईने छ ।
- टोल विकास संस्था गठन र परिचालनका,आमा समूह गठन र परिचालन लागि आवश्यक कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

## २. राजश्व तथा श्रोत परिचालन

- **मेरो नगर विकासमा मेरै योगदान, कर तिर्नु असल नागरिकको पहिचान** भन्ने मान्यतालाई आत्मसाथ गरी अधिकतम व्यक्ति र क्षेत्रलाई करको दायरामा ल्याई राजश्व संकलन गर्न राजश्व सुधार कार्ययोजना बनाई लागु गरिने छ ।
- नगरक्षेत्र भित्र परम्परागत रुपमा उपभोग गर्दै आएका,राजस्वको दायरा बाहिर रहेका ऐलानी पर्ति जग्गाहरु छुट्याई सो क्षेत्रभित्र रहेका घरटहरा तथा अन्य जमिनलाई ठोस नीति बनाई राजश्वको दायरा भित्र ल्याईनेछ साथै सबै प्रकारका उत्पादन योग्य जमिनहरु लामो समयसम्म बांझो राख्ने प्रवृतिलाई निरुत्साहित गरीने छ ।

## ३. जुवातास, मदिरा तथा धुम्रपान

- जथाभावी जुवा तास तथा मदिरा सेवन गर्ने र बिक्रि वितरण गर्ने गराउने कार्य समाजकोलागि हानिकारक भएको हुँदा उक्त कार्यलाई निरुत्साहित गर्ने नीति बनाइने छ ।
- सार्वजनिक स्थलहरुमा धुमपान गर्ने कार्यलाई पुर्णरुपमा बन्देज गरि सार्वजनिक स्थलमा धुमपान रहित नगरपालिका बनाउन आवश्यक कदम चालिने छ ।
- जुवा तास मदिरा तथा धुम्रपान नियन्त्रण सम्बन्धि आवश्यक कार्यविधि बनाई लागु गरिने छ ।

## ४. सुरक्षा क्षेत्र

- नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको नगरपालिकाको सुरक्षा व्यवस्था लगायतका कामहरु व्यवस्थित गर्न नगर प्रहरी गठन गर्ने व्यवस्था गरिनेछ । त्यसको लागी आवश्यक कार्यविधि बनाई लागु गरिने छ ।
- आवश्यक भौतिक पूर्वाधार,श्रोत साधन,तालिम,उपकरणको प्रवन्ध मिलाईने छ ।

## ५. गत बर्षमा सञ्चालित कार्यक्रमहरुको निरन्तरता

यस नगरपालिकाको गत आ.ब.२०७४/०७५ र चालु आ.व.२०७५/०७६ मा स्वीकृत कार्यक्रम र विनियोजित बजेटबाट सञ्चालन गरिनुपर्ने कतिपय कार्यक्रमहरु आ.ब.२०७५/०७६ को अन्तसम्म पनि काम सम्पन्न हुन नसकेका वा भैरहेका र भुक्तानी हुन नसकेका कार्यक्रमहरुलाई यस आगामि आ.ब. २०७६/०७७ मा बजेट सहित निरन्तरता दिईने नीति लिईएको छ ।

**यस बागचौर नगरपालिकालाई हाम्रो नगरपालिका राम्रो नगरपालिका बनाउन यसका अतिरिक्त देहायअनुसारका अन्य कार्यहरु पनि गर्ने नीति लिईने छ ।**

- नगर पार्श्वचित्र निर्माण,
- आवधिक नगर विकास योजना निर्माण,
- विकासमा पछाडि परेका विकट गाउँ बस्तिहरुलाई विकास योजना/कार्यक्रमको केन्द्र बनाउने,
- विकासका कार्यमा अपनत्व बोध हुनेगरि जनसहभागिता बृद्धि गरिने,
- अति गरिब तथा पिछडिएका वर्गलाई केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्ने,
- नगरको विकासका सम्भावनाहरुलाई प्रवर्धन गर्न उद्योग तथा लगानी मैत्रि वातावरण वनाइने छ ।

## सभाध्यक्ष महोदय,

यस बागचौर नगरपालिका क्षेत्र भित्र रहेका जेष्ठ नागरिक, दलित, बालबालिका, अपाङ्गता, विधवा महिला, एकल महिलाहरुलाई प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिईने छ । उक्त भत्ता वापत रु ६ करोड ३० लाख विनियोजनको लागि प्रश्तावित गरेको छु ।

अब म आगामी आ.ब. २०७६/०७७ को राजश्व परिचालनको नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रश्तुत गर्ने अनुमति चाहन्छु ।

- करदाता लगानी कर्ता र आम नागरिकले योगदान पुऱ्याएको आन्तरिक स्रोतको रुपमा रहेको राजश्व परिचालनको कुरा गर्दा आगामी आ.ब.मा बढाईने करको दरहरु आर्थिक ऐनको अनुसुचिमा उल्लेख गरेको छु, अन्य बाँकी सवै क्षेत्रहरुमा गत वर्ष २०७५/०७६ को दरलाई कायम गरिएको छ ।
- आगामी आ.ब. २०७६/०७७ मा यस नगरपालिकाले करको दायरामा विस्तार गर्ने नीति लिईने छ ।
- उपभोक्ता समिति निर्माण गर्दा वा कार्यालयमा कुनै सिफारिस लिन आउदा सेवा ग्राहिले बुझाएको करको रसिदको प्रतिलिपि माग गर्ने नीति लिईने छ ।
- आर्थिक वर्षको शुरुका २ महिनामा आफुले बुझाउनु पर्ने कर रकम बुझाउन आएमा १० प्रतिशत छुट दिने तथा समयमा कर नबुझाउनेलाई विलम्ब शुल्क वापत थप १० प्रतिशत रकम लिने नीति अपनाईने छ ।
- कर छली र चुहावटलाई नियन्त्रण गर्दै लिईने छ ।
- कर प्रशासनलाई चुस्त, छरितो र लागत प्रभावित बनाईने छ । आफ्नो क्षेत्राधिकार भित्र पर्ने कर आफैले संकलन गर्ने र प्रदेश र संघ सरकारको क्षेत्राधिकार भित्र पर्ने कर संकलनमा समन्वयात्मक रुपले असुली गरिने छ ।
- आगामी आ.ब.मा यस नगरपालिकामा लगाईने कर तथा शुल्कहरुको विवरण आर्थिक ऐनका अनुसुचिहरुमा उल्लेख गरेको छु ।

**<u>सभाध्यक्ष महोदय,</u>**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रश्तुत गरेको छु

- आगामि आ.ब.का नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ४९ करोड ४९ लाख ४९ हजार विनियोजन गरेको छु ।
- कुल विनियोजन मध्य निम्नानुसार प्रश्ताव गरेको छु ।
  - चालु खर्च तर्फ रू ९ करोड, ७१ लाख, ९८ हजार ।
  - पुजिंगत निर्माण खर्च तर्फ रू १४ करोड ५२ लाख १८ हजार ।
  - सशर्त अनुदान चालु र पुजिंगत खर्च समेत रू २१ करोड ७३ लाख ।
- आगामि आ.ब.को लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरु निम्नानुसारको प्रश्ताव पेश गरेको छु ।
  - आन्तरिक स्रोतबाट रू. १ करोड ५० लाख ।
  - चालु आ.ब.मा खर्च नभई बांकी रहन जाने अनुमानित रकम रू ३ करोड ५२ लाख ३३ हजार

- संघीय सरकारबाट राजश्व बांडफांडबाट प्राप्त रकम रू.९ करोड ६१ लाख
- वित्तिय समानीकरण अनुदानबाट प्राप्त रकम रू ११ करोड ९९ लाख ।
- संघीय सरकारबाट सर्शत अनुदानबाट प्राप्त रकम २१ करोड ७३ लाख ।
- कर्णाली प्रदेश सरकारबाट समानिकरण अनुदान वापत प्राप्त रकम रू १ करोड ३ लाख १८ हजार ।
- कर्णाली प्रदेश सरकारबाट राजश्व बांडफाड बाट प्राप्त रकम रू १० लाख ९८ हजार ।

- संघीय सरकार र प्रदेश सरकारबाट सर्शत अनुदान तर्फ प्राप्त हुनआउने बजेट तथा कार्यक्रम सोही अनुसार खर्च हुने व्यवस्था मिलाईनेछ ।

**<u>सभाध्यक्ष महोदय,</u>**

अन्तमा यस बागचौर नगरपालिकाको आगामी आ.ब. २०७६/०७७ को बजेट तयारीका क्रममा सल्लाह सुझाव प्रदान गर्नुहुने प्रतिनीधि सभा सदस्य माननिय टेक बहादुर बस्नेत ज्यू, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्युहरु, बिभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नागरिक समाज, बुद्धिजिवि, सञ्चारकर्मिहरुमा हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त, उदेश्य, प्राथमिकता र नीतिहरुमा व्यापक छलफल गरि नीति, कार्यक्रम तथा बजेट बनाउनमा अहम भुमीका निभाउन सहयोग गर्नुहुने नगर प्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगर सभाका सदस्य ज्यूहरु, विषयगत शाखाका प्रमुखहरु लगाएत यस नगरपालिकाका सम्पुर्ण कर्मचारीहरु र आदरणीय सम्पुर्ण नगर वासी आमा, बुवा, दाजुभाई, दिदि वहिनीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसको साथै प्रस्तुत बजेटको कार्यान्वयनको चरणमासवैको पुर्ण सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।